कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०८/०५ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | महालक्ष्मी दालमोठ उद्योग, चन्द्रागिरी-१२, काठमाडौं | • उद्योगको बाह्य परिसरको सरसफाइ सन्तोषजनक नरहेको<br>• उद्योगको अन्तरिक तथा प्रशोधन स्थलको सरसफाइ अत्यन्त खराब अवस्थामा रहेको<br>• भुइँ, भित्ता तथा छानोको अवस्था खुल्ला तथा फोहोर रहेको<br>• कामदारहरूको व्यक्तिगत सरसफाइ सन्तोषजनक नरहेको<br>• उद्योग भित्र Pest control को व्यवस्था सन्तोषजनक नरहेको<br>• उद्योगमा भण्डारण तथा व्यवस्थापन उचित तरिकाले नगरेको<br>• उद्योग परिसरमा Ajanta ब्राण्डको फुड कलर प्राप्त भएको र सो को प्रयोग दालमोठ फ्राई गर्नु पूर्व नै गर्ने गरेको पाइएको। | • उद्योग परिसरमा रहेको १०२ बोरा दालमोठ (२५ पाकेट × ६०० ग्राम) अर्को व्यवस्था नभए सम्मको लागी उद्योगीकै जिम्मा रहने गरी हाललाई स्टक रोक्का राखिएको र अर्को आदेश नभए सम्मको लागि उद्योगबाट हुने सम्पूर्ण बिक्री वितरण रोक्का राखी उद्योगको उत्पादन बन्द गरिएको<br>• तीन दिन भित्र उद्योग सँग सम्बन्धित कागजात सहित विभागमा उपस्थित हुन निर्देशन दिएको। |

डा. बाल कुमारी शर्मा

प्रवक्ता

२०८२/०८/०७

<u>अनुगमनका केही झलकहरू</u>





